# अर्धवार्षिक प्रगति प्रतिवेदन

## आ.व. २०८०/८१

## रोशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रोशी-७, काभ्रेपलाञ्चोक

सभाध्यक्षज्यू,

रोशी गाउँपालिका भित्रका जनताको आर्थिक, सामाजिक, सांस्कृतिक, शासकीय र पूर्वाधारको विद्यमान अवस्थामा सकारामक परिवर्तन ल्याई समग्र क्षेत्रको सुधार गर्ने औजारको रुपमा रहेको वार्षिक बजेटबाट यस गाउँपालिकाका विभिन्न क्षेत्रमा उल्लेखनीय कार्यहरु भएका छन् । आर्थिक वर्ष ०८०/०८१ को यस अवधिसम्ममा रोशी गाउँपालिकाले हासिल गरेका प्रगति प्रतिवेदन यस सम्मानित सभासमक्ष पेश गर्न पाउँदा म आफूलाई गौरवान्दित महसुस गर्दछु ।

चालु आर्थिक वर्ष २०८०/८१ मा कुल ७४,२७,६०,००० आय र सोही अनुरुप व्यय हुने अनुमान गरिएकोमा हालसम्म जम्मा ३५,५३,३६,३१३.६९ आय भएको छ र २६,६९,७५,०६७.७९ व्यय भएको छ ।

आर्थिक वर्ष २०८०/०८१ को हाल सम्मको आर्थिक एवं भौतिक प्रगति प्रतिवेदन यस सम्मानित सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

**आर्थिक वर्ष ०८०/८१ को आय व्यय विवरण**

| | **विवरण** | |
|---|---|---|
| | हालसम्मको कुल आय | ३५,५३,३६,३१३.६९ |
| | हालसम्मको कुल व्यय | २६,६९,७५,०६७.७९ |
| | जम्मा खर्च प्रतिशत | ३५.७ |
| | कुल चालु खर्च | १९,८८,२६,२२५.९५ |
| | कुल पूँजीगत खर्च | ६,८१,४८,८४१.८४ |
| | | |

**आन्तरिक आय विवरण**

| **क्रं सं.** | **विवरण** | **आय रकम** |
|---|---|---|
| १ | आन्तरिक श्रोत | ७९,७६,८१४.७६।- |
| २ | राजश्व बाँडफाँड | ९,०२,५५,०६५।- |

**वित्तिय हस्तान्तरण तर्फ**

| **क्रं सं.** | **विवरण** | **आय रकम** |
|---|---|---|
| १ | वित्तीय समानिकरण अनुदान | ५,५७,६२,००० |
| २ | सशर्त अनुदान | १६,९१,५०,००० |
| ३ | समपुरक अनुदान | १,३७,५०,००० |
| ४ | विशेष अनुदान | २५,००,००० |

## आ.व. २०८०/०८१ को क्षेत्रगत बजेट तथा खर्च विवरण

| क्र.सं. | क्षेत्र/उपक्षेत्र | विनियोजित रकम | खर्च | प्रगति (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४,२९,००,६१९ | ७८,००,५३५ | **१८.१८** |
| २ | सामाजिक विकास | ४२,५६,३०,३१७.१९ | १६,०६,४९,९२७.८५ | **३७.७४** |
| ३ | पूर्वाधार विकास | १४,५२,९८,३४४ | ४,०८,६२,६७१.०५ | **२८.१२** |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | ९३,४०,६०० | ३१,१३,४६७ | **३३.३३** |
| ५ | संस्थागत विकास सुशासन | ९०,६७,३०१ | २३,२०,९३९.६० | **२५.५९** |

## प्रशासनिक भवन तथा सवारी साधन तर्फ

| विवरण | आफ्नै | भाडा | अन्य |
|---|---|---|---|
| भवन/वडा कार्यालय | १,२,३,४,५,६,७,८,९,१०,११,१२ | | |
| ईन्टरनेट | सबै वडा कार्यालय, सम्पूर्ण स्वास्थ्य संस्था र सबै माध्यमिक विद्यालय | | |
| सवारी सधान | | | |
| दुई पाङ्ग्रे | ५१ | शव – वाहन | १ |
| चार पाङ्ग्रे | ३ वटा | एम्वुलेन्स | ४ वटा |

## सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको विवरण

| | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | | |
|---|---|---|---|---|---|---|
| | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | **२२१७** | २,६४,०८,४५६ | **२२२५** | २,६५,५९,६०९ | ० | ० |
| जेष्ठ नागरिक भत्ता (दलित) | **८१** | ६,३३,०८० | **८२** | ६,४९,०४० | ० | ० |
| जेष्ठ नागरिक एकल महिला | **२४९** | १९,८१,७०० | **२५३** | १९,९६,३३० | ० | ० |
| विधवा | **४५८** | ३६,२८,२४० | **४७२** | ३७,१८,६८० | ० | ० |
| पूर्ण अपाङ्गता भत्ता | **१५१** | १७,९५,५०० | **१५५** | १८,४७,३७० | ० | ० |
| अति अशक्त अपाङ्गता भत्ता | **२४६** | १५,५९,६२७ | **२४५** | १५,६४,०८० | ० | ० |
| दलित बालबालिका | **१३९** | २१२८४१ | **१४४** | २,२०,५६७ | ० | ० |
| लोपन्मुख जाति | **७३** | ८६५८३० | **७३** | ८,७३,८१० | ० | ० |
| जम्मा | **३६१४** | **३,७०,८५,२७४** | **३,६४९** | **३,७४,२९,४८६** | ० | ० |

# व्यक्तिगत घटना दर्ताको संक्षिप्त प्रतिवेदन

**जिल्ला : काभ्रेपलान्चोक गा.पा/न.पा. : रोशी दर्ता मिति देखि : २०८०-०४-०१ दर्ता मिति सम्म : २०८०-०९-२९**

| वडा नं. | जन्म | | | | मृत्यु | | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | बेवारिसे | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | जम्मा | |
| १ | २६ | १५ | | ४१ | ४ | ८ | | १२ | १ | २३ | | | ६ | २६ | | ८३ |
| २ | १२ | १७ | | २९ | १० | ७ | | १७ | १ | १० | | | १ | ६ | | ५८ |
| ३ | २५ | २४ | | ४९ | २ | ४ | | ६ | २ | १७ | | | ३ | ११ | | ७७ |
| ४ | ११ | १३ | | २४ | ४ | ९ | | १३ | | १८ | | | ४ | १७ | | ५९ |
| ५ | १३ | २२ | | ३५ | ८ | १ | | ९ | | १४ | | | | | | ५८ |
| ६ | १४ | २८ | | ४२ | ८ | ४ | | १२ | १ | २५ | १ | ३ | ५ | २३ | | ८६ |
| ७ | १६ | १४ | | ३० | ६ | ३ | | ९ | ४ | २२ | २ | १० | २ | ४ | | ६९ |
| ८ | ९ | ६ | | १५ | ३ | ३ | | ६ | १ | ८ | | | | | | ३० |
| ९ | ३० | २२ | | ५२ | १० | ११ | | २१ | २ | २९ | २ | ८ | ३ | ११ | | १०९ |
| १० | २१ | १९ | | ४० | ७ | ९ | | १६ | १ | १४ | ३ | १२ | ४ | २१ | | ७८ |
| ११ | २२ | २२ | | ४४ | ५ | ६ | | ११ | | १८ | | | | | | ७३ |
| १२ | १७ | २५ | | ४२ | ५ | ५ | | १० | ३ | १९ | | | २ | १५ | | ७६ |
| जम्मा | २१६ | २२७ | ० | ४४३ | ७२ | ७० | ० | १४२ | १६ | २१७ | ८ | ३३ | ३० | १३४ | ० | ८५६ |

## आ.व २०८०/८१ का उल्लेखनीय कार्यहरुः

### संस्थागत सुशासनः

- आ.व. २०८०/८१ मा २ वटा कार्यविधि तर्जुमा गरि कार्यान्वयनमा ल्याईएको छ।
- रोशी गाउँपालिकाको १२ वटै वडा कार्यालयहरुबाट अनलाईनबाट राजश्व संकलन गर्ने कार्यको थालनी गरिएको छ।
- प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख बीच तथा शाखा प्रमुख र शाखाका अन्य कर्मचारी बीच कार्यसम्पादन सम्झौता गरी कार्य सम्पादनको व्यवस्था मिलाइएको छ। ।
- सबै स्थायी कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गरिएको छ।
- आ.व. २०८०/८१ मा कर्मचारी र जनप्रतिनिधि गरी जम्मा ६७८ जनाको सम्पत्ति विवरण सम्बन्धित निकायहरुमा संप्रेषण गरिएको।
- रोशी गाउँपालिका, खानीखोला गाउँपालिका, महाभारत गाउँपालिका र बेथानचोक गाउँपालिका बीच गाउँपालिका कार्यालयमा अन्तरपालिका समन्वय वैठक सम्पन्न गरिएको।
- वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना तयार गरी कार्यान्वयन गरिएको।
- गाउँपालिकामा रहेका विभिन्न समितिहरुको बैठक संख्या देहायनुसार रहेको छ।
    - ✓ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति २ वटा
    - ✓ न्यायिक समिति ६ वटा
    - ✓ सामाजिक विकास समिति १ वटा
    - ✓ आर्थिक विकास समिति ४ वटा
    - ✓ अनुगमन तथा सुपरिवेक्षण समिति ३ वटा
- चालु आ.व.को हालसम्म ७ वटा कार्यपालिका वैठक र ९ वटा कर्मचारी वैठक सम्पन्न गरिएको छ।
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्क (LISA) र वित्तीय सुशासन जोखिम मूल्याङ्कन(FRA) को अन्तिम मूल्याङ्कबाट क्रमशः ६९.५ र ७२ अङ्क प्राप्त भएको।
- गाउँपालिकाको राजश्व सुधार कार्ययोजना र दोस्रो पञ्चवर्षिय आवधिक योजना निर्माणको कार्य प्रारम्भ भएको।
- गाउँपालिकाबाट हुने सबै भुक्तानीहरुमा EFT (Electronic Fund Transfer) प्रणाली लागु गरिएको ।
- गाउँपालिकाको आन्तरिक राजश्व बृद्धि गर्न गाउँपालिका र सबै वडाका टोल बस्तीमा राजश्व सुधार विशेष अभियान संचालन गरिएको।
- सेवा प्रवाह र कार्य सम्पादनको प्रगति मूल्याङ्कन गर्न र सम्बन्धित निकायमा संप्रेषण गर्न त्रैमासिक, चौमासिक र वार्षिक समीक्षा सम्पन्न गरिएको।

- वित्तीय सुशासन कायम गरी गाउँपालिकालाई शुन्य बेरुजु बनाउने अभियान अन्तर्गत सेवा प्रवाह र कामकारबाहीलाई जवाफदेही र पारदर्शी बनाईएको छ।
- आ.व. २०८०/०८१ मा सम्झौता भएका निर्माणसँग सम्बन्धित ३२९ वटा आयोजनाहरु मध्ये १५० वटा आयोजनाहरु सम्पन्न भईसकेको र १७९ वटा आयोजनाहरु सञ्चालनमा रहेको।
- रोशी गाउँपालिका भित्रका विषयवस्तुलाई प्राथमिकताका साथ समेटिने गरी दैनिक ४ पटक सम्म समाचार प्रशारण गर्ने र पालिका तथा वडा स्तरीय सूचना तथा सन्देशहरु रेकर्ड गरी प्रशारण गर्न रेडियो रोशी १०१.६ मेगाहर्ज सँग कार्यक्रम सम्झौता गरी कार्य सञ्चालन गरिएको।
- खेलकुदको माध्यमबाट युवाहरुमा समाजप्रति सकारात्मक सन्देश प्रवाह गर्दै भाइचाराको सम्बन्ध स्थापित गर्ने उद्देश्यले गाउँपालिका र नेपाल खेलकुद तथा सामाजिक विकास केन्द्रसँगको सहकार्यमा अन्तर वडा स्तरीय क्योकोशिन कराँते प्रतियोगिता सञ्चालन भएको जसमा ६ वटा गाउँपालिका र ४ वटा नगरपालिकाका प्रतियोगिहरु सहभागी।
- सामाजिक संघ संस्थासँगको सहकार्यमा कार्यक्रम कार्यान्वयन गरी विकास प्रक्रियालाई दिगो बनाउन तथा स्थानीय, प्रदेश र संघीय सरकार मार्फत सञ्चालन हुने विकास कार्यक्रमलाई संस्थागत गर्न वस्तीस्तरमा टोल विकास संस्था गठन गर्ने कार्य भईरहेको।
- कार्यालयबाट नियमित रुपमा सम्पादन गरिएका योजना तथा कार्यक्रम एवं नियमित सेवा प्रवाहको प्रभावकारीता मापनका लागि तेस्रो पक्षबाट १ पटक चौमासिक सार्वजनिक सुनुवाई गरिएको।
- फरक क्षमता भएकाहरु वीचमा जिल्ला व्यापी जनचेतनामूलक ह्वीलचेयर बास्केटबल प्रतियोगिता मेरुदण्ड पक्षघात संघसँगको सहकार्यमा सञ्चालन भएको।
- गाउँपालिका स्तरीय विविध गतिविधिहरुलाई समाचार,अन्तर्वाता, गाउँवस्ती टोल र समुदायको नमुना कार्य एवं समस्या उजागर र उदाहरणीय अभ्यास तथा सफलताको कथा प्रचार प्रसार गर्ने कार्यका लागि कार्यक्रम सम्झौता गरी कार्य अगाडी बढाईएको।
- नेपाल आदिवासी जनजाति पत्रकार महासँघको समन्वयमा जिल्लामा रहेका जनजाति पत्रकारहरुको क्षमता विकासका लागि सूचना, प्रविधि, संचार तथा मोबाइल पत्रकारिता सम्बन्धी तालिम सञ्चालन गरिएको।
- आदिवासी जनजातिसँग सम्बन्धित चाडपर्वहरुको संरक्षण एवं सम्बर्द्धनका लागि गाउँपालिका र ११ नं. वडा कार्यालयको आयोजना तथा स्थानीय क्लव तथा सामाजिक संघ/संस्थासँगको सहयोग र साझेदारीमा पालिका स्तरीय वृहत ल्होछार साँस्कृतिक महोत्सव कार्यक्रम गरिएको।
- पालिका क्षेत्रका सडक एवं सार्वजनिक स्थलहरुमा जीवन व्यतित गर्न विवश बौद्धिक अपाङ्गता, मनोरोगी वालवालिका तथा सडक वालवालिकाहरुलाई आश्रय प्रदान गरी उनीहरुको स्वास्थ्य र खानपानमा सहयोग तथा शिक्षादिक्षामा सहयोग गर्ने कार्यका लागि मानव कल्याण सेवा समाजसँग कार्यक्रम सम्झौता गरी कार्य अगाडी बढाईएको।

- गाउँपालिका स्तरीय अनुगमन समितिबाट १५ वटा आयोजनाको अनुगनम गरिएको।
- आन्तरिक लेखापरिक्षणको आ.व २०८०/८१ को वार्षिक कार्ययोजना निर्माण गरी कार्यन्वयनको चरणमा रहेको।
- आर्थिक बर्ष २०८०/८१ को पौष मसान्तसम्म गत आ.व.हरुको महालेखा परीक्षकको प्रतिवेदनमा औंल्याएको बेरुजु फर्यौटका लागि सम्बन्धित व्यक्ति/संस्थालाई पत्राचार गरी नगद रु ८,००,३२०/- (अक्षरुपी रु आठ लाख तीन सय बीस रुपैँया मात्र) बेरुजु रकम बैंक दाखिला गरी बेरुजु फछर्यौट गरिएको।
- आ.व २०७८/७९ सम्मको सम्मपरिक्षण गरी बेरुजूको अध्यावधिक सहितको लगत तयार गरिएको।
- सामाजिक सुरक्षा भत्ता विद्युतिय माध्यम (EFT) मार्फत वितरणका लागि नयाँ र पुराना सबै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको Bank Account Holder Name र Account Number VERSP-MIS प्रणालीमा अद्यावधिक गरी सबै लाभग्राहीहरुको Bank Account Validation Status Successfully Validation गरी दोस्रो त्रैमासिक किस्ताबाटै EFT मार्फत रकम जम्मा हुने व्यवस्था गरिएको।
- चालु आ.व. को हालसम्म ९७ वटा 'घ' वर्ग इजाजत पत्र नविकरण गरिएको।

## सामाजिक विकास:

- रोशी गाउँपालिका अन्तर्गत संचालित विद्यालयहरुलाई ३ क्षेत्रमा विभाजन गरी ५ वटा मासिक प्र.अ. बैठक नियमित रुपमा संचालन भएको।
- आ.व. २०७९/८० मा सम्पादन भएका संघीय सरकार सशर्त अनुदान तथा प्रदेश र स्थानीय कार्यक्रमहरुको प्रभावकारीताको अवलोकन, अनुगमन तथा निरीक्षण गरीएको।
- रोशी गाउँपालिका अन्तर्गत संचालित विद्यालयहरुमा कार्यरत प्रधानाध्यापकहरुको उच्च मनोबल बढाई शैक्षिक सुशासन कायम गर्न मासिक रु ५०० का दरले प्र.अ. प्रोत्साहन ६९ जना प्रधानाध्यापकहरुलाई प्रोत्साहन उपलब्ध गराइएको।
- शुन्य दरबन्दी भएका सामुदायिक विद्यालयहरुका लागि पालिकास्तरीय प्राथमिक -१ र निमावि-५, साविक उच्च माध्यमिक २ गरी जम्मा ८ वटा शिक्षण अनुदानको व्यवस्थालाई निरन्तरता दिइएको।
- रोशी गाउँपालिका अन्तर्गत संचालित विद्यालयहरुमा मातृभाषा शिक्षा (तामाङ) सम्बन्धी ३ दिने तालिम १५ जनाको सहभागीतामा संचालन गरिएको।

- रोशी गाउँपालिका अन्तर्गत संचालित  विद्यालयहरुका लागि संघिय सरकारबाट वितरण भएका  विभिन्न अनुदान कार्यक्रम (विज्ञान प्रयोगशाला-२ वटा तथा ICT Lab स्थापना तथा व्यवस्थापन अनुदान-३ वटा ) मागका आधारमा वितरण गरी कार्यान्वयनको क्रममा रहेको ।

- ६९ सामुदायिक तथा १ संस्थागत सहित ७० वटा  विद्यालयहरुको IEMIS अद्यावधिक तथा अनलाइन पोर्टलमा अपलोड गर्ने कार्य सम्पन्न गरिएको ।

- गाउँ शिक्षा समितिको बैठक २ पटक, विद्यालय सुपरीवेक्षण तथा अनुगमन समितिको बैठक ३ पटक , परीक्षा समिति २ पटक र विषयगत शिक्षक समिति (रोष्टर) को वैठक ४ पटक संचालन गरी शैक्षिक गतिविधि/क्रियालाप सम्बन्धी विषयमा छलफल तथा निर्णयहरु गरिएको ।

- गाउँपालिकामा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक उपलब्धि मापन तथा मूल्याङ्कनका लागि विद्यालयतहको प्रथम त्रैमासिक तथा अर्धबार्षिक परिक्षा संचालन तथा व्यवस्थापन गरिएको ।

- गाउँपालिका अन्तर्गत संचालित विद्यालयहरुमा अध्यापनरत प्राथमिक तृतीय श्रेणीका ६९ जना, प्रावि द्धितीय श्रेणीका २० जना, निमावि तृतीय ७ जना, निमावि द्धितीय २ जना र मावि तृतीय १० गरी कुल  १०८ जना स्थायी शिक्षकहरुको कार्यसम्पादन मुल्याङ्कनको प्राविधिक कार्य सम्पन्न गरी सम्बन्धित निकायमा पेश गरिएको ।

- गाउँपालिका अन्तर्गत संचालित विद्यालयहरुमा अध्यापनरत १५० जना स्थायी शिक्षक तथा ३४९ जना अस्थायी शिक्षक तथा कर्मचारीहरुको आ.व. २०७९/८० को सम्पत्ति विवरण संकलन, अद्यावधिक गरी सम्बन्धित निकायमा पेश गरेको ।

- विद्यालयहरुमा संचालित विभिन्न परीक्षा, कार्यक्रम तथा योजनाहरुको अनुगमन तथा सुपरीवेक्षण गरिएको ।

- रोशी गाउँपालिका भित्रका माध्यमिक तहमा अध्ययनरत १६ विद्यालयका खेलाडीहरुको सहभागितामा २८ विधामा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न गरिएको ।

- शैक्षिक पहुँच स्थापना गर्न आर्थिक बर्ष २०८०/८१ का लागि बिनियोजन भएको दिवा खाजा अनुदानबाट कक्षा १ देखी ५ सम्मका बालबालिकाहरुका लागि दिवा खाजा वापतको रकम विद्यालयलाई  निकासा गरिएको ।

- गाउँपालिकाका कर्मचारी तथा प्रहरी बिच मैत्रीपुर्ण फुटबल प्रतियोगिता संचालन गरिएको ।

- रोशी गाउँपालिका अन्तर्गत संचालित विद्यालयहरुमा कार्यरत १५० जना स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन पारित गरीएको।

- रोशी गाउँपालिका अन्तर्गत संचालित विद्यालयहरुमा अध्ययनरत ७५ जना विद्यार्थीहरुको सहभागीतामा जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगतामा सहभागी भएको तथा जसमा १ वटा रजत पदक तथा ८ वटा कास्य पदक प्राप्त गर्न सफल भएको।

- रोशी गाउँपालिका अन्तर्गत संचालित १७ वटा विद्यालयहरुको विद्यालय व्यवस्थापन समितिको गठन गरिएको।

- रोशी गाउँपालिका अन्तर्गत संचालित ६९ सामुदायिक तथा ३ वटा संस्थागत विद्यालयहरु गरी कुल ७२ वटै विद्यालयहरुको ३ वटा अनुगमन टोली निर्माण गरी सामुहिक रुपमा विद्यालय अनुगमन सम्पन्न गरिएको।

- अपाङ्गता भएका व्यक्तिहरुलाई 'क' वर्गको ८ थान 'ख' वर्गको ९ थान 'ग' र 'घ' वर्गको १/१ थान गरी जम्मा १९ थान कार्ड वितरण गरिएको।

- ६० बर्ष उमेर पुगेका ज्येष्ठ नागरिकहरुको सहुलियतको लागि २६ थान ज्येष्ठ नागरिक कार्ड वितरण गरिएको।

- महिला दिदी बहिनीहरुको महान् चाड हरितालिका तीजको अवसरमा १२ वटै वडाका २०० जना महिला दिदी बहिनीहरुको सहभागीतामा तीज विशेष दर खाने कार्यक्रम सम्पन्न गरीएको।

- लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत रोशी मा.वि कटुञ्जेमा १३ वटा विद्यालयका विद्यार्थीहरु सहभागी गराइ अन्तर माध्यमिक तह स्तरीय वक्तृत्वकला प्रतियोगिता संञ्चालन गरी सम्पन्न गरिएको।

- सबै स्वास्थ्यकर्मीहरुले स्वास्थ्य संस्था प्रमुख संग र संस्था प्रमुखले स्वास्थ्य शाखा प्रमुख संग तथा स्वास्थ्य शाखा प्रमुखले प्रमुख प्रशासकीय अधिकृतसंग कार्य सम्पादन सम्झौता गरि कार्यान्वयन गरिएको।

- हस्पिटल र स्वास्थ्य संस्था सहित १५ वटा स्वास्थ्य संस्थाहरुको ६ वटा मासिक समीक्षा बैठक सम्पन्न गरिएको।

- रोशी गा.पा. अन्तर्गत रहेका प्रत्येक आमा समुहमा साउनको १६ गते देखि २२ गतेसम्म स्तनपान सप्ताह संचालन गरिएको।

- स्वास्थ्य संस्थाहरुको २ दिने बार्षिक समीक्षा कार्यक्रम २० जनाको सहभागीतामा संचालन भएको।

- क्षयरोगको कोहर्ट विश्लेषण तथा वार्षिक समीक्षा कार्यक्रम गाउँपालिकामा सम्पन्न गरिएको।

- १५ जना स्वास्थ्यकर्मीको लागि प्रशव फिस्टुला सम्बन्धी १ दिने अभिमुखिकरण कार्यक्रम गाउँपालिकामा सम्पन्न भएको।

- प्रशव फिस्टुला सम्बन्धी वडा स्तरमा आमा समुहमा छलफल कार्य संचालन भएको ।
- १५९८ जना बालबालिकालाई राष्ट्रिय भिटामिन ए तथा जुकाको औषधी वितरण गरिएको।
- ग्रामिण भिडियो एक्सरे सेवा अन्तर्गत ११ वटा स्वास्थ्य संस्थाबाट १२४ जना लाभान्वित भएको।
- विश्व आत्महत्या रोकथाम दिवस तथा अन्तरकृया कार्यक्रम गाउँपालिकामा सम्पन्न जसबाट २४ जना लाभान्वित भएको।
- ज्येष्ठ नागरिक स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत चालु आ.व. को हालसम्म जम्मा ९१४ परिवारको स्वास्थ्य बीमा गरिएको।
- आयुर्वेद औषधालयबाट ६४४ जनालाई उपचार सेवा साथै परामर्श सेवा प्रदान गरिएको।

## आर्थिक विकास:

- दलित,विपन्न वर्ग, पिछडिएका जाति, एकल महिला तथा वास्तविक कृषकहरुको पोषण तथा खाद्य सुरक्षाका लागि १२ वटै वडामा गरी विभिन्न तरकारीका जम्मा १८४२ प्याकेट मिनिकिट वितरण गरिएको ।
- कृषकहरुको चाहना र आवश्यकता अनुसार प्रत्येक वडामा संचालन गरिने पालिकास्तरीय स्थलगत घुम्ती कृषक तालिम वडा नं १,२,३,५,६,७,८,९,११ र १२ गरी १० वटा वडाहरुमा जम्मा ३०७ जना कृषकहरुको सहभागितामा तालिम कार्यक्रम सम्पन्न गरिएको तथा वडा नं ४ र १० मा कार्यक्रम संचालन गर्न बाँकी रहेको।
- गत आ.व. २०७९/८० मा स्थापना भएको तरकारीबाली पकेट विकास कार्यक्रम अन्तर्गत रोशी गाउँपालिका वडा नं ७ र ९ का तीन वटा कृषक समूहहरुसँग कार्यक्रम संचालनको लागि सम्झौता गरीएको र कार्यक्रम संचालनमा रहेको।
- भकारो सुधार कार्यक्रम अन्तर्गत १३ वटा कृषि फर्म/कृषक समूह/कृषि सहकारीहरुसँग सम्झौता गरी कार्यक्रम संचालनमा रहेको।
- फलफूल बगैचा प्रवर्द्धन कार्यक्रम अन्तर्गत ७ वटा कृषि फर्म/कृषि सहकारीहरुसँग सम्झौता गरी कार्यक्रम संचालनमा रहेको।
- संघीय सशर्त अनुदानको स्वीकृत कार्यक्रम अन्तर्गत **"शीत भण्डार निर्माण कार्यक्रम"** संचालनको लागि प्रस्ताव आव्हान गरी प्रस्ताव संकलन कार्य भईरहेको।

- कृषि सामाग्री कम्पनी, धुलिखेलबाट युरिया मल १४०० बोरा र डिएपी मल ७०० बोरा तथा साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड, बनेपाबाट युरिया ९०० बोरा र डिएपी ५०० गरी जम्मा २३०० बोरा युरिया मल र १२०० बोरा डिएपी मलको कोटा प्राप्त भएको र गाउँपालिका भित्रका रासायनिक मल बिक्रेता डिलरशीप प्राप्त १७ कृषि सहकरी संस्थाहद्वारुरा आ-आफ्नो कार्यक्षेत्रमा मल विक्री वितरण गरिएको ।

- “रोशी गाउँपालिका” र "बिन्धवासिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, काभ्रेपलाञ्चोक” बीच व्याज अनुदानमा कृषि तथा पशुपालन क्षेत्रमा लगानी गरिएको जस अन्तर्गत ४४ जना कृषक लाभन्वित भएको ।

- कृषि तथा पशुपंछीपालन फर्म ३७ वटा तथा कृषक समूह ६ वटा दर्ता गरिएको ।

- स्थानीय तह मल वितरण व्यवस्थापन समितिको बैठक ८ पटक बैठक संचालन गरी विभिन्न कृषि विकास कार्यक्रम संचालन सम्बन्धी निर्णय गरी कार्यक्रम संचालन गरिएको ।

- कृषकहरुको बालीनालीमा लाग्ने रोग किरा लगायत अन्य समस्या समाधानका लागी खेतबारीको स्थलगत निरीक्षण गरी प्राविधिक सेवासल्लाह, सुझाव प्रदान गरिएको ।

- ९७ धरधुरी कृषकहरुको पशुवस्तुमा-लम्पी स्कीन रोगबाट १२० पशुवस्तु मृत्यु भएको मध्ये ९२ घरपरिवारको ११३ पशुको राहत प्रकृया पुरा भई रु.४,६४,०००।-भुक्तानीको लागि सिफारिस गरिएको ।

- आ.व.२०८०/०८१ मा - लम्पी स्कीन रोग नियन्त्रण लागि २९२५ पशुहरुमा खोप लगाइएको ।

- पशु पोषण तथा उत्पादन बृद्धिको लागि जै घाँसको विउ ५५२ जनालाई जम्मा २५०० किलो ग्राम वितरण गरिएको ।

- रेविज रोग नियन्त्रण तथा जनचेतना कार्यक्रम २ पटक (रोशी ७,१२)  र रेविज दिवस (सप्ताह ) संचालन गरि ६४५ कुकुर/ विरालोमा खोप लगाइएको ।

- पशुमा नश्ल सुघार तथा उत्पादन बृद्धि गर्न कृत्रिम गर्भाधान सेवाबाट २१४ गाई,२३५ भैसी र १ बाख्रामा गरी ४५० वटा पशुमा कृतिम गर्भाधान भएको ।

- विभिन्न रोगको उपचार ८४५५ पशुवस्तुमा भएको साथै कम गुणस्तर भएको १७४४ बोकाको स्थायी बन्ध्याकरण गरिएको ।

- पशु बाँझोपन सम्बन्धि २५२ वटा पशुको उपचार सेवा संचालन गरिएको ।

- १०,२७५ पशुबस्तुमा परजिवी नियन्त्रण र गोबर परिक्षणको सेवा पुर्याइएको ।

- कृषि तथा पशु सेवा सम्बन्धि मासिक प्रगति रिपोर्टिङ नियमित रुपमा सम्बन्धित निकायहरुमा पेश गरिएको ।

- पशुपन्छी जाँच केन्द्र (पशु चेकपोष्ट) मंगलटारमा २ जना प्राविधिक सहित चेकजाँचको व्यवस्था मिलाइएको।
- सामाजिक परिचालन अन्तर्गत सहभागिता मूलक ग्रामीण लेखाजोखा (PRA) कार्यक्रम मार्फत ७५ जना (वडा नं. २,८ र ९ ) संम्भावित लघु उद्यमीहरुको छनौट गरिएको।
- वडा नं. २,८ र ९ मा ४ वटा लघु उद्यमी समूह गठन गरिएको।
- वडा नं.८ खार्पाचोकमा घरेलु तथा साना उद्योग कार्यालय,धुलिखेलको सहयोगमा २१ जना संम्भावित लघु उद्यमीहरुलाई ७ दिने उद्यमशिलता विकास तालिम ( SIYB ) संञ्चालन गरी सम्पन्न गरिएको।
- वडा नं.९ पिन्थली र रजबासका ३० जना संम्भावित लघु उद्यमीहरुलाई ७ दिने उद्यमशिलता विकास तथा व्यवसाय सचेतना तालिम ( SIYB ) संञ्चालन गरी सम्पन्न गरिएको।

## पूर्वाधार विकास:

- उपभोक्ता समिति मार्फत सम्पादित ३२९ योजनाहरु मध्ये २९४ योजना सम्झौता भई हालसम्म १५० सम्पन्न भइसकेको।
- जिल्ला समन्वय समितिको ६०% र गाउँपालिकाको ४०% लागत साझेदारीमा १ विद्यालय मर्मत, ६ वटा वडा कार्यालय(५,६,७,८,९,११) को स्तरोन्नती र तला थप र गाउँपालिका कार्यालयको खानेपानी आयोजना सम्पन्न भएको।
- वडा नं. १ देखि १२ सम्ममा ३.३२ कि.मी सडक ग्राबेल, नयाँ ट्याक ७.८४ कि.मी, बाटो सोलिङ १.३९ कि.मी, नाली निर्माण ०.३३ कि.मी , नयाँ धारा १६ वटा जडान र २ वटा घाट्टेपार्टी निर्माण कार्य सम्पन्न भएको।
- हाल सम्म D.P.R तर्फका ३ वटा योजना सम्झौता भई १ वटा योजना सम्पन्न भईसकेको।
- **ठेक्का मार्फत बहुवार्षिक चालु योजना अन्तर्गत**
    - १० बेड हस्पिटल खहरेपाँगु रोशी-१

        सम्झौता रकमः ६,०५,८६,०४३.१९
        वित्तीय प्रगतिः ५६.०७%

        भौतिक प्रगतिः ७०%

- तीनधारे झरना संरक्षण रोशी -२ को सम्झौता रकम २,८०,९०,९६९.२८ र जसको वित्तीय प्रगति ६४% र भौतिक प्रगति ६८% रहेको ।

- गाउँपालिकाको प्रशासकीय भवनको सम्झौता रकम ५,५६,१४,६८९.६८ रहेको र हालसम्मको वित्तीय प्रगति ६४% र भौतिक प्रगति ६८% रहेको ।

- ठेक्का मार्फत वार्षिक सम्पादित योजनाः

  - ताराखसे हात्तिआहल पर्यटकीय क्षेत्र योजनाको सम्झौता रकम ६४,५६,००० भई हालसम्मको वित्तीय प्रगति ४०% र भौतिक प्रगति ६५% रहेको ।

  - चौकीडाँडा खहरेपाँगु सडकको सम्झौता रकम ८५,८९,००० रहेको र वित्तीय प्रगति ५८% र भौतिक प्रगति ७०% रहेको ।

  - कालढुङ्गा गोमती भञ्ज्याङ सडकको ठेक्का सम्झौता रकम १,१३,००,००० रहेको र हालसम्म वित्तीय प्रगति ०% भौतिक प्रगति १३% रहेको ।

  - माम्ती हर्कपुर शिखरपुर घ्याङडाँडा सडकको ठेक्का सम्झौता रकम १,१२,००,००० रहेको र हालसम्मको वित्तीय प्रगति ९% र भौतिक प्रगति १९% रहेको ।

## वन वातावरण तथा विपद् व्यवस्थापन:

- चालु आ.व. मा विपद् व्यवस्थापन समितिको २ वटा बैठक सम्पन्न भएको ।

- विपद व्यवस्थापन समितिबाट हालसम्मा १४ जनालाई जम्मा रु. २,८०,००० राहत वितरण र १७ वटा समुहलाई विपद् सामाग्री वितरण गरिएको ।

- विपद प्रतिकार्यको लागि गाउँपालिकामा न्युनतम सामाग्रीहरु मौज्दात राखिएको छ ।
- विपद व्यवस्थापनको लागि संघ, प्रदेश र विभिन्न संघसंस्थासँग समन्वय र सहकार्य गरी विपद व्यवस्थापन गरिएको ।
- आपतकालिन रुपमा आउनसक्ने विपद् व्यवस्थापनको लागि गाउँपालिकामा विपद् व्यवस्थापन कोषको व्यवस्था गरिएको छ ।

## न्याय सम्पादनः

- आ. व. ०८०/०८१ को हालसम्मको उजुरी दर्ता संख्या - ८, तथा उजुरी फछ्यौंट संख्या - ६ रहेको छ ।
- न्यायिक समितिको बैठक संख्या - ६ रहेको छ ।

- गाउँपालिकामा १२ वटा मेलमिलाप केन्द्र रहेको र ५९ जना मेलमिलापकर्ताहरु गाउँपालिकामा सूचीकृत गरिएको।

**धन्यवाद।**